# विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि ,२०८१

**प्यूठान नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बिजुवार,प्यूठान**

प्रस्तावना :- राष्ट्रले अँगालेको संघीयताको नीति अनुसार स्थानीय स्तरमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न अभिभावकहरूको सहभागितामा विद्यालय व्यवस्थापन समिति गठनलाई व्यवस्थित गर्न आवश्यक भएकाले प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ को दफा १९(क)ले दिएको अधिकार प्रयोग गरी प्यूठान नगर कार्यपालिकाले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि २०८१ जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम ***विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि २०८१*** रहेको छ।

१.२ यो कार्यविधि प्यूठान नगरपालिकाको सबै सामुदायिक विद्यालयमा तुरुन्त लागु हुनेछ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट, प्रदेश सरकार वा स्थानीय तहबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

ख."ऐन" भन्नाले प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ (संशोधन समेत) सम्झनुपर्छ।।

ग. "नगरपालिका" भन्नाले प्यूठान नगरपालिकालाई सम्झनुपर्छ।

घ." नगर कार्यपालिका" भन्नाले प्यूठान नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

ङ." प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

च. " शिक्षा प्रमुख" प्यूठान नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्छ।

छ. "व्यवस्थापन समिति" भन्नाले प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ (संशोधन समेत) को दफा १२ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

ज. "अभिभावक" भन्नाले व्यवस्थापन समितिको सदस्यहरू छनौट गर्ने प्रयोजनको लागि सोही विद्यालयको कक्षा बालविकास -१२ मा अध्ययनरत विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै(एकाघरको) र निजहरु नभएमा संरक्षक मध्ये विद्यालयको अभिलेखमा जनाइएको एक जना व्यक्ति सम्झनुपर्छ ।

झ. "शिक्षा प्रेमी/बुद्धिजिबी" भन्नाले शिक्षाप्रति सकारात्मक सोच भएका, सामाजिक विकास एवं शैक्षिक चेतना अभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले टेवा पुऱ्याउने व्यक्ति सम्झनुपर्छ

ञ. "चन्दा दाता" भन्नाले सामुदायिक विद्यालयलाई रकम, घर, जग्गा उपलब्ध गराउने व्यक्ति वा अभिभावकलाई सम्झनुपर्छ।

ट. "संस्थापक'' भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरु देखि निरन्तर सहयोग पुऱ्याउने वा सो को अगुवाई गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

ठ. "शैक्षिक सत्र'' भन्नाले विद्यालयमा पठन पाठन गर्ने हरेक वर्षको वैशाख १ देखि चैत्र मसान्त सम्मको अवधिलाई सम्झनुपर्छ।

ड. "प्राविधिक धार'' सामूदायिक विद्यालयमा सञ्चालन भएका सबै प्रकारका प्राबिधिक विषयहरुलाई सम्झनुपर्छ।

**परिच्छेद - २**

**३. उद्देश्य: यो कार्यविधि जारी गर्नुका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

३.१ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्य छनौट गर्न अभिभावकलाई सहयोग पुऱ्याउने ।

३.२ प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ (संशोधन समेत) को दफा १२ को उपदफा १ मा उल्लेख भए बमोजिमको विद्यालय व्यवस्थापन समिति गठनमा सहयोग पुऱ्याउने ।

## परिच्छेद – ३

### ४. अभिभावकको नामावली सम्बन्धी व्यवस्था

४.१ विद्यालय ब्यवस्थापन समितिको गठनको लागि भेला बोलाउनुभन्दा १५ दिन अघि प्रधानाध्यापकले अभिभावकको नामावली सार्वजनिक गरी दाबी विरोधको लागि ७ दिनको समय दिनुपर्नेछ। निर्धारीत समयमा परेका दाबी विरोधको छानविन गरी अभिभाबकको नामावली अद्यावधिक गरी राख्नुपर्नेछ।

४.२ उपनियम १ बमोजिम अभिभावकको नामावली अद्यावधिक गर्दा विद्यार्थीको भर्ना अभिलेखमा अभिभावकको रुपमा नाम लेखी दस्तखत गराउनु पर्नेछ। यसरी दस्तखत सम्भव नभए औठा छाप लगाउन सकिनेछ। तर विद्यालय ब्यवस्थापन समिति गठन प्रयोजनका लागि बाबु, आमा, बाजे वा बज्यै र ति नभएमा मात्र संरक्षकलाई अभिभावक मानिनेछ।

४.३ एकै अभिभावकका एक भन्दा बढी बालबालिका विद्यालयमा अध्ययनरत भएता पनि उक्त अभिभावकले मत प्रकट गर्नुपर्ने अवस्थामा एक मत मात्र प्रकट गर्न पाउनेछ र एक परिवारबाट एक भन्दा बढी अभिभावक हुन सक्नेछैन।

**परिच्छेद - ४**

५. **अध्यक्ष तथा सदस्यको छनौट सम्बन्धी व्यवस्था** :

५.१ सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्यहरूको छनौट गर्ने प्रयोजनका लागि अध्यक्ष तथा सदस्यहरुको पदावधि समाप्त हुनु भन्दा १५ दिन अगावै अभिभावक भेला गराउनु पर्नेछ । तत्कालिन अवस्थामा कार्यरत ब्यवस्थापन समितिको पदावधि समाप्त भएपश्चात नबनिर्मिति समितिले कार्यभार सम्हाल्नेछ ।

५.२ उपनियम (१) बमोजिम अभिभावक भेला बोलाउने मिति तय गर्दा विद्यालय व्यवस्थापन समिति सदस्य छनौट सहयोग समितिको संयोजक र सदस्यहरूसँग राय लिई मिति तय गर्नुपर्नेछ । अभिभाबक भेलाका लागि कम्तिमा ३ दिन अघि पत्राचार गर्नुपर्नेछ ।

५.३ अभिभावकहरुले ऐनको दफा १२ को उपदफा १ (क) बमोजिमका चार जना सदस्यहरु छनौट गर्दा सर्वसम्मत रुपमा गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा सहयोग समितिले निर्वाचनको माध्यमबाट सदस्यहरु चयन गर्नेछ ।

५.४ ऐनको दफा १२ को उपदफा १ (ख) बमोजिमको सदस्यको लागि चार जना सदस्य छनौट भएको तीन दिन भित्र प्रधानाध्यापकले सात दिनको समय दिई सम्बन्धित वडा कार्यालयमा पत्र दर्ता गराउनुपर्नेछ । निर्धारित समय भित्र वडा कार्यालयबाट सदस्यको नाम प्राप्त हुन नसकेमा ब्यवस्थापन समितिलाई पुर्णता दिन बाधा पर्नेछैन ।

५.५ ऐनको दफा १२ को उपदफा १ (ग) बमोजिमका सदस्यहरु मनोनित गर्दा उपलब्ध भएसम्म एक जना चन्दादाता अनिवार्य हुनु पर्नेछ ।

५.६ ऐनको दफा १२ को उपदफा १ (ग) बमोजिमका सदस्यहरु मनोनित गर्दा उक्त खण्डका ३ जना बाहेक अन्य आठ जना सदस्यहरुले सर्वसम्मत वा बहुमतका आधारमा गर्नुपर्नेछ । प्राबिधिक धार सञ्चालित विद्यालयमा थप २ जना सदस्यको मनोनित अध्यक्षको छनौट पछी मात्र गर्नुपर्नेछ ।

५.७ समितिको अध्यक्ष छनौट समितिका सम्पुर्ण सदस्यहरुले सर्वसम्मत वा बहुमतका आधारमा गर्नुपर्नेछ । तर बहुमतको आधारमा निर्णय गर्नका लागि ३ ओटा बैठकमा सहमतिको प्रयास गरेको हुनुपर्नेछ ।

५.८ सामान्यतया ब्यवस्थापन समिति गठनका लागि पहिलो पटक अभिभाबक भेला बोलाईएको तीस दिन भित्र ब्यवस्थापन समितिलाई पुर्णता दिई सक्नुपर्नेछ ।

**६. सहयोग समिति सम्बन्धी ब्यवस्था:**

६.१ सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्यहरू छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्न देहायको *विद्यालय व्यवस्थापन समिति सदस्य छनौट सहयोग समिति* गठन हुनेछ ।

क) शिक्षा प्रमुख वा निजले खटाएको कर्मचारी- संयोजक

ख) सम्बन्धित विद्यालयको प्रधानाध्यापक- सदस्य

ग) सम्बन्धित वडाको वडा सचिव- सदस्य

यस उपनियमको प्रयोजनको लागि प्रधानाध्यापकले सदस्य सचिबको समेत जिम्मेवारी निर्वाह गर्नुपर्नेछ । यस समितिका सदस्यहरू मध्ये संयोजक समेत बहुमत सदस्य उपस्थित नभई गरेको कार्य मान्य हुने छैन।

६.२ निर्वाचन भएर छनौट हुने अवस्थामा छनौट सहयोग समितिले निर्वाचन कार्यमा शिक्षक, कर्मचारी तथा कानुन व्यवसायीलाई खटाउन सक्नेछ।

**७. गणपुरक संख्या**

७.१. सम्पूर्ण अभिभावक मध्ये ५० प्रतिशत भन्दा बढी अभिभावकको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ।

७.२ तोकिएको मितिमा अभिभावक भेलाको गणपुरक संख्या नपुग भएमा त्यसको भोलिपल्ट पुनः भेला बोलाइनेछ। यसरी भेला हुँदा २५ प्रतिशत अभिभावक भेला भए पनि गणपुरक संख्या पुगेको मानिनेछ।

७.३ यसरी पनि गणपुरक संख्या नपुगेमा त्यसको भोलिपल्ट जति जना उपस्थित हुन्छन् त्यसैलाई गणपुरक संख्या पुगेको मानिनेछ।

७.४ कुनै व्यक्तिले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावक अनुपस्थित भएका आधारमा मात्र भेला रोकिने वा स्थगित वा बदर हुनेछैन।

**८. भेलाको अध्यक्षता**

८.१ विद्यालयमा बोलाइने हरेक अभिभावक  भेलाको अध्यक्षता शिक्षक अभिभावक संघको अध्यक्षले गर्नेछ । तर शिक्षक अभिभाबक संघको गठनका लागि बोलाईएको अभिभाबक भेलाको अध्यक्षता  उमेरको हिसाबले ज्येष्ठ अभिभाबकबाट हुनेछ ।

**९. छनौट प्रक्रिया**

९.१ विद्यालय ब्यवस्थापन समितिमा शिक्षा ऐनको दफा १२ को उपदफा १(क) बमोजिमका सदस्यहरु छनौट गर्नका लागि बोलाईएको अभिभाबक भेलाबाट समितिमा बस्न ईच्छुक अभिभाबकहरुको सूची तयार गरी सहमतिको आधारमा सर्बसम्मत रुपमा तोकिए बमोजिमका चार जना सदस्यहरुको छनौट गरिनेछ ।

९.२ भेलाबाट सर्वसम्मत रुपमा ४ जना सदस्यहरु चयन हुन नसकेमा सहयोग समितिले निर्वाचनको सूचना प्रकाशन गरी सोही कार्यतालिका बमोजिम निर्वाचन प्रक्रियाद्वारा सदस्यको छनौट गर्नुपर्नेछ । निर्वाचन कार्यतालिकाको सूचना अनुसूची १ बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।

**१०. व्यवस्थापन समितिको सदस्य हुन नसक्ने**

१०.१ देहायको व्यक्ति व्यवस्थापन समितिको सदस्यको उमेदवार हुनसक्ने छैन ।

क) गैर नेपाली नागरिक,

ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

ग) प्राथमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि कम्तीमा कक्षा ५ उत्तीर्ण नगरेको , नि.मा.वि.को व्यवस्थापन समितिका अध्यक्ष हुनका लागि कम्तीमा कक्षा ८ उत्तीर्ण नगरेको र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा कक्षा १२ उत्तीर्ण नगरेको । तर निम्न माध्यामिक र माध्यामिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि त्यस्तो शैक्षिक योग्यता भएको सदस्य इच्छुक नभएमा सदस्यहरुले तोकिए भन्दा कम शैक्षिक योग्यता भएको व्यक्तिलाई सर्वसम्मत रुपमा अध्यक्ष बनाउन सक्नेछन ।

घ) विद्यालयमा (अन्य विद्यालय समेत) कार्यरत शिक्षक वा कर्मचारीको पदमा वहाल रहेको,

ङ) संस्थागत विद्यालयको संस्थापक, सञ्चालक, शिक्षक र कर्मचारी,

च) सरकारी स्रोतबाट पारिश्रमिक पाउने कर्मचारी ,

छ) विद्यालयमा अध्ययनरत विद्यार्थी,

ज) प्रचलित कानुन बमोजिम कालो सूचीमा परेको,

झ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ञ) भेलाबाट छनौट हुने सदस्यको हकमा अभिभावकको सूचीमा नाम समावेश नभएको ,

ट) मानसिक अवस्था ठीक नभएको ।

**११. उमेदवारको उमेरको गणना**

१. उमेदवारको उमेरको गणना गर्दा पहिलो अभिभावक भेलामा मनोनयन दर्ता गर्ने मितिसम्म २५ वर्ष पूरा भएको हुनुपर्नेछ ।

**१२. उमेदवारको मनोनयन**

१२.१ उमेदवार हुन योग्यता पुगेको कुनै पनि व्यक्तिले विद्यालय व्यवस्थापन समितिको सदस्यमा मनोनयन दर्ता गर्न सक्नेछ । मनोनयन अनुसुची २ मा उल्लेखित फारामको ढाँचामा हुनुपर्नेछ ।

१२.२ उपनियम १ बमोजिम मनोनयन दर्ता गराउन एक जना प्रस्तावक र अर्को एक जना समर्थक हुनुपर्नेछ । प्रस्तावक र समर्थक अभिभावकको सूचीमा नाम दर्ता भएको व्यक्ति हुनुपर्नेछ ।

**१३. मनोनयन दर्ता गराउने व्यक्ति**

१३.१ मनोनयन उमेदवार आफैले छनौट सहयोग समितिमा दर्ता गराउनु पर्नेछ ।

**१४. धरौटी राख्नुपर्ने**

१४.१ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य पदमा उमेदवार हुन मनोनयन पत्रसाथ देहायको धरौटी रकम नगदै वा विद्यालयको खातामा जम्मा गरेको नगदी रसिद पेश गर्नुपर्नेछ ।

क) माध्यमिक विद्यालयको सदस्यका लागि रु २,०००/-

ख) आधारभूत विद्यालयको सदस्य पदका लागि रु १,०००।-

१४.२ कुनै कारणबाट आवेदन अस्वीकृत भएको अवस्थामा बाहेक धरौटी रकम फिर्ता गरिनेछ ।

**१५. मनोनयन पत्र दर्ता गर्नु भन्दा पहिले जाँची रित नपुगेको सूचना दिने**

१५.१ छनौट सहयोग समितिले प्राप्त हुन आएका मनोनयन पत्र दर्ता गर्नु भन्दा पहिले देहायको आधारमा जाँची रित नपुगेको भए रीत पुऱ्याउन लगाउनु पर्नेछ र देहायको रित पुऱ्याएर ल्याएमा उमेदवारी दर्ता गरिदिनु पर्नेछ ।

क. प्रस्तावक, समर्थक र उमेदवारको सही भएको हुनुपर्छ ।

ख. तोकिएको धरौटी रकम जम्मा गरेको हुनुपर्छ ।

ग. उमेदवारको अभिभावक सूचीमा नाम भएको प्रमाण क्रम संख्या ।

घ. प्रस्तावक र समर्थक दोहोरिएको हुनु हुँदैन ।

ङ. मनोनयन पत्र अनुसूची २ को ढाँचामा हुनुपर्नेछ ।

**१६. उमेदवारको सूची प्रकाशित गर्ने**

१६.१ मनोनयन पत्र दर्ता गर्ने समय समाप्त भएपछि छनौट सहयोग समितिले दर्ता भएको मनोनयन पत्रमा उल्लिखित सबै उमेदवारको सूची अनुसूची ३ बमोजिमको ढाँचामा तयार गरी प्रकाशित गर्नुपर्ने छ ।

**१७. मनोनयन भएका उमेदवारको दावी विरोधमा उजुरी दिन सक्ने**

१७.१ उमेदवारको योग्यता सम्बन्धमा कुनै उमेदवारले उजुरी दिन चाहेमा छनौट सहयोग समिति समक्ष उजुरी दिन सक्नेछ । उजुरी साथ रु ५०० धरौटी राख्नुपर्नेछ ।

१७.२ उपनियम १ बमोजिम उजुरी दिन ल्याएमा छनौट सहयोग समितिले दर्ता गरी म्याद सकिएपछि उजुरी दर्ताको सूचना अनुसूची ४ को ढाँचामा प्रकाशित गर्नु पर्नेछ ।

**१८. दावी विरोधको निर्णय गर्ने**

१८.१ कुनै उमेदवारको सम्बन्धमा परेको उजुरी उपर जाँचबुझ गर्दा छनौट सहयोग समितिले देहायको अवस्थामा मनोनयन पत्र बदर गर्नुपर्नेछ । उजुरी झट्टा ठहरे धरौटी जफत गर्नु पर्नेछ ।

क. उमेदवारको योग्यता पूरा नभएको ।

ख. उमेदवारको मनोनयन गर्ने प्रस्तावक र समर्थकको सही छाप नभएको वा किर्ते सही भएको ।

ग. छनौट कार्यक्रममा तोकिएको समयभित्र मनोनयन पत्र दर्ता नभएको ।

घ. अनुसूची २ मा दिइएको ढाँचामा मनोनयन पत्र दर्ता नभएको ।

ङ. अभिभावकको नामावलीमा नाम दर्ता नभएको । तर प्रस्तावक र समर्थक दोहोरिएको पाइएमा सम्बन्धित उमेदवारलाई सच्याउने मौका दिनु पर्नेछ ।

**१९. सानोतिनो भुलले फरक नपार्ने**

१९.१ सानोतिनो भूलचुक भन्नाले मतदाता नामावली वा मनोनयन पत्रमा उमेदवार, प्रतावक वा निजहरूसँग सम्बन्धित व्यक्तिको नाम, थर, वतन वा कम संख्याको लेखाइ वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अंकको त्रुटि भएमा सो त्रुटिले कुनै तात्विक फरक नपार्ने त्रुटिलाई जनाउने छ ।

**२०. उमेदवारको नामावली प्रकाशित गर्ने**

२०.१ उमेदवारको नामावली प्रकाशित गर्दा छनौट सहयोग समितिले मनोनयन पत्र जाँच गरी सकेपछि रित पुगेको मनोनयन पत्र बमोजिमका उमेदवारहरूको नामावली अनुसूची ५ को ढाँचामा प्रकाशित गर्नुपर्ने छ ।

**२१. नाम फिर्ता लिन सक्ने**

२१.१ नियम २० बमोजिम प्रकाशित नामावलीमा उल्लेख भएको व्यक्तिले उमेदवार नहुने इच्छा गरी आफ्नो नाम हटाउन चाहेमा छनौट कार्यक्रममा उल्लिखित मिति, समय र स्थानमा अनुसूची ६ बमोजिमको ढाँचामा निवेदन दिई नाम फिर्ता लिन सक्ने छ । छनौट सहयोग समितिले अनुसूची ७ को ढाँचामा उमेदवारको नाम हटाइएको सूचना प्रकाशन गर्नुपर्नेछ ।

**२२. उमेदवारको अन्तिम नामावली प्रकाशित गर्ने**

२२.१ छनौट कार्यक्रममा उल्लेख भए अनुसार उमेदवारले नाम फिर्ता लिने समय पछी छनौट सहयोग समितिले बाँकी रहेका उमेदवारको नामावली अनुसूची समय समाप्त भएपछि ८ को ढाँचामा प्रकाशित गर्नुपर्नेछ । अन्तिम नामावली प्रकाशित गर्दा उमेदवारको वर्णानुक्रम अनुसार लेख्नु पर्नेछ ।

**२३. निर्विरोध छनौट भएको घोषणा**

२३.१ छनौट सहयोग समितिले सदस्यको पदमा एकमात्र उमेदवारी परेमा वा उमेदवारले नाम फिर्ता लिएमा वा उमेदवारीको रित नपुगेको कारणबाट एकमात्र उमेदवारको उमेदवारी कायम रहेमा त्यस्तो उमेदवारलाई सदस्यको पदमा निर्विरोध छनौट भएको घोषणा गर्नुपर्नेछ । निर्विरोध छनौट भएको घोषणा अनुसूची ९ बमोजिमको ढाँचामा गर्नुपर्नेछ ।

**२४. निर्वाचन चिन्ह प्रदान गर्ने**

२४.१ छनौट सहयोग समितिले उमेदवारको अन्तिम नामावली प्रकाशित गरे पछि सो नामावलीमा एकभन्दा बढी उमेदवार कायम रही निर्वाचनमा जानुपर्ने अवस्था आएमा निर्वाचन चिन्ह निर्धारण गरी ती उमेदवारलाई देहाय बमोजिम निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ ।

क. उमेदवारको लागि निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट छनौट सहयोग समितिले प्रत्येक उमेदवारलाई निजको नामको वर्णानुक्रम अनुसार एउटा चिन्ह रोज्न लगाई निर्वाचन चिन्ह प्रदान गर्नुपर्नेछ ।

ख. उपनियम १(क) बमोजिम चिन्ह रोज्न लगाउँदा एक भन्दा बढी उमेदवारले एउटै चिन्ह रोजेमा छनौट सहयोग समितिले एउटै चिन्ह रोज्ने उमेदवार बीच गोला प्रथाद्वारा चिन्ह वितरण गर्नुपर्नेछ ।

**२५. निर्वाचन चिन्ह प्रदान गरेको सूचना प्रकाशित गर्ने**

२५.१ निर्वाचन चिन्ह प्रदान गरेपछि सोको सूचना अनुसूची १० बमोजिमको ढाँचामा तयार गरी प्रकाशित गर्नुपर्नेछ ।

**२६. निर्वाचन प्रक्रिया निर्वाचन आयोगले निर्धारण गरे बमोजिम हुने**

२६.१ निर्विरोध वा सहमतिको आधारमा व्यवस्थापन समितिको सदस्य छनौट हुन नसकी निर्वाचन गर्नुपर्ने अवस्था आएमा निर्वाचन आयोगले निर्धारण गरेको स्थानीय निर्वाचन निर्देशिका बमोजिम निर्वाचन गराउनु पर्नेछ ।

२६.२ उपनियम १ बमोजिम निर्वाचन गराउन आवश्यक पर्ने मतपत्र, मतपेटीका, कर्मचारी व्यवस्था र सुरक्षाको लागि लाग्ने सम्पूर्ण खर्च विद्यालयले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद - ५

## शिक्षक अभिभावक संघ सम्बन्धी ब्यवस्था

### २७. शिक्षक अभिभावक संघको गठन

२७.१ सामुदायिक विद्यालयमा तपसिल बमोजिमको ११ सदस्यीय शिक्षक अभिभावक संघ रहनेछ ।

क) अभिभाबकले छानेको एक जना अभिभावक - अध्यक्ष

ख) अभिभाबकले छानेको ४ जना महिला, १ जना दलित र १ जना अपाङ्ग विद्यार्थीको अभिभावक सहित ७ जना- सदस्य

ग) विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष- सदस्य

घ) शिक्षक प्रतिनिधि एक जना- सदस्य

ङ) प्रधानाध्यापक- सदस्य सचिव

तर विद्यालयमा दलित तथा अपाङ्ग विद्यार्थीको अभिभावक नभएमा जुनसुकै सम्प्रदायका अभिभाबक छान्न सकिनेछ।

२७.२ अध्यक्ष र सदस्यको पदाबधि ३ बर्षको हुनेछ।

२७.३ शिक्षक अभिभावक संघको अध्यक्षको योग्यता विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष सरह हुनेछ।

२७.४ शिक्षक अभिभाबक संघको गठन प्रक्रिया विद्यालय ब्यवस्थापन समितिको गठन प्रक्रिया सरह हुनेछ।

## परिच्छेद - ६

## विविध

### २८. अनुदान रोक्न सक्ने

२८.१ विद्यालयमा विद्यालय व्यवस्थापन समितिको पदाबधी समाप्त भएको ३ महिना भित्र समिति गठन गर्न नसकेमा उक्त विद्यालयलाई उपलब्ध गराउँदै आएको जुनसुकै सरकारी अनुदान नगरपालिकाले रोक्का गर्न सक्नेछ। साथै सो अवस्थामा उक्त विद्यालयमा नगरपालिकाले ५ सदस्य रहेको अस्थायी समिति गठन गर्न सक्नेछ।

२८.२ सदस्य छनौट भएको जानकारी प्राप्त भएपछि उपनियम १ बमोजिम रोक्का राखिएको अनुदान फुकुवा गर्नुपर्नेछ। समिति गठन नभएको विद्यालयलाई कुनै पनि सरकारी अनुदान र कार्यकम उपलब्ध गराउन नगरपालिका बाध्य हुनेछैन।

### २९. पारिश्रमिकको व्यवस्था

२९.१ विद्यालय व्यवस्थापन समितिका सदस्य छनौट गर्नका लागि गठित सहयोग समितिका पदाधिकारीहरू र निर्वाचन प्रयोजनमा खटिने व्यक्तिहरूका लागि विद्यालय कोषबाट पारिश्रमिकको व्यवस्था गर्नुपर्नेछ।

### ३०. पदावधि

३०.१ छनौट भएका सदस्यको पदावधि सामान्यतया ३ वर्षको हुनेछ। सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा यसरी छान्ने अभिभावकले निज/निजहरूलाई जनुसुकै बखत पदबाट हटाउन सक्नेछ।

३०.२ तोकिएका जिम्मेवारी पुरा गर्न नसकेमा नगर शिक्षा समितिले त्यस्तो विद्यालय ब्यवस्थापन समिति भंग गरी अस्थायी ब्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

३०.३ अस्थायी समिति बढीमा १ वर्षका लागि गठन गर्न सकिनेछ र विद्यालय ब्यवस्थापन समिति गठन भएमा स्वत भंग हुनेछ।

### ३१. पदको समाप्ती

३१.१ अध्यक्ष तथा सदस्यको पद देहायको अवस्थामा समाप्त हुनेछ।

क. अध्यक्षले समिति र सदस्यले अध्यक्ष समक्ष राजीनामा दिएमा,

ख. मृत्यु भएमा,

ग. कुनै फौजदारी अभियोगमा सजाय पाउने गरी अदालतबाट कसुरदार ठहरिएमा,

घ. भष्टाचार गरेमा,

ङ. लगातार ३ वटा भन्दा बढी बैठकमा विना सूचना अनुपस्थित भएमा,

च. सोही वा अन्य विद्यालयको शिक्षक/कर्मचारी पदमा नियुक्ति भै गएमा,

झ. बाल विवाह, बहु विवाह, अनमेल विवाह वा अन्य कुनै सामाजिक कुरीति वा अन्धविश्वास जस्ता कार्यहरू गरेमा वा घरेलु हिंसामा संलग्न भएमा।

**३२. रिक्त पदपूर्ति सम्बन्धी व्यवस्था**

३२.१ कुनै विद्यालयको वि.व्य.स. अध्यक्ष वा सदस्यको पदावधि सकिनु अगावै उक्त पद रिक्त भएमा जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मका लागि सोही प्रक्रिया र क्षेत्रबाट छनौट गरिनेछ।

**३३. शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्था**

३३.१ प्यूठान नगरपालिका शिक्षा ऐन २०७४ को दफा १२ बमोजिम वि.व्य.स. मा प्रतिनिधित्व गर्ने शिक्षक सम्बन्धित विद्यालयको शिक्षक स्टाफको छनौट तथा सिफारिसमा हुनेछ।

३३.२ उपनियम (१) बमोजिम छनौट गर्दा विद्यालयका प्रधानाध्यापकले शिक्षक स्टाफको बैठक बोलाई उक्त विषयलाई बैठकको एजेण्डाको रुपमा राखेर सर्व सम्मत वा बहुमतको आधारमा सिफारिस गर्न सकिनेछ।

**३४. चन्दादाता सम्बन्धी व्यवस्था**

३६.१ सम्बन्धित विद्यालयको स्थापना काल देखि हालसम्म विद्यालयलाई पचास हजार रुपैयाँ भन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दादाताहरू मध्येबाट व्यवस्थापन समितिले सदस्यमा मनोनित गर्नेछ।

**३४. उजुरी गर्न सक्ने**

३४.१ यस कार्यविधि अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका सम्बन्धमा विद्यालयका अभिभावकहरूलाई चित्त नबुझेमा मनासिब कारण सहित छनौट भएको मितिले ७ दिन भित्र सम्बन्धित विद्यालयमा उजुरी दिन सक्नेछ र सो को बोधार्थ नगरपालिकामा समेत दिनुपर्नेछ।

३४.२ यसरी रित पूर्वकको उजुरी तोकिएको समय भित्र विद्यालयमा प्राप्त भएमा प्र.अ.ले सहयोग समितिको बैठक बोलाई सो सम्बन्धमा सम्बन्धित पक्ष तथा आवश्यकतानुसार अन्य अभिभावकहरूलाई समेत बोलाई छानविन एवं अध्ययन गरी समाधान गर्नुपर्नेछ।

३४.३ उपनियम (२) बमोजिम विद्यालय व्यवस्थापन समितिले समाधान गर्न नसकेमा नगर कार्यपालिकाको कार्यालयले सो सम्बन्धमा यथार्थ बुझी वा बुझ्न लगाई नियमानुसार निर्णय गर्न सक्नेछ।

**३५. सहयोग समितिले आवश्यक कार्य गर्न सक्ने**

३५.१ विद्यालय व्यवस्थापन समिति सदस्य छनौट सहयोग समितिले पदाधिकारी छनौट प्रक्रिया सम्पन्न गर्नका प्रचलित कानून तथा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी अन्य थप कार्यविधि तय एवं सल्लाह लिन, उपयुक्त आचार संहिता निर्माण गर्न तथा छनौट प्रक्रियालाई स्वच्छ, निष्पक्ष र मर्यादित ढंगले सम्पन्न गर्न आवश्यक कार्य गर्न सक्नेछ।

**३६. सबैको कर्तव्य हुने**

३६.१ यस कार्यविधिको पालना गर्नु प्यूठान नगरपालिकामा रहेका सबै सामुदायिक विद्यालय तथा सरोकारवालाहरूको कर्तव्य हुनेछ।

**३७. बाधा अड्काउ फुकाउ सम्बन्धी ब्यवस्था**

३७.१ यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**३७. कार्यविधिमा संशोधन**

३७.१ यस कार्यविधिमा समयानुकूल संशोधन गर्नुपर्ने अवस्था आएमा नगर कार्यपालिकाले आवश्यक संशोधन गरी लागू गर्न सक्नेछ।

**३८. बचाउ**

३८.१ यस अघि भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भए सरह मानिनेछ।

३८.२ यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनुसूची : एक

(नियम ९ सँग सम्बन्धित)

विद्यालय व्यवस्थापन समितिका सदस्य छनौट कार्यक्रम सम्बन्धी सूचना

श्री ..................................................विद्यालयमा प्यूठान नगरपालिका शिक्षा ऐन २०७४(संशोधन समेत) को दफा १२ को उप दफा १(क) बमोजिमका चार जना सदस्यहरु छनौट प्रयोजनका लागि देहाय बमोजिमको छनौट कार्यक्रमको सूचना प्रकाशित गरिएको छ।

| क.स. | कार्यकम | मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | उमेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | | |
| २ | उमेदवारको मनोनयन पत्र दर्ता भएको सूची प्रकाशन गर्ने | | | | |
| ३ | उमेदवारको दाबी विरोध | | | | |
| ४ | मनोनयन पत्र र उजुरी जाँचबुझ गरी निर्णय गर्ने | | | | |
| ५ | उमेदवारको प्रकाशन गर्ने नामावली | | | | |
| ६ | उमेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | |
| ७ | मतदान | | | | |
| ८ | मत गणना | | | | |
| ९ | अन्तिम मत परीणाम | | | | |

....................

संयोजक

छनौट सहयोग समिति

अनुसूची : २

(नियम १२ सँग सम्बन्धित)

## उमेदवारको मनोनयनपत्र

(प्रस्तावकले भर्ने) श्री छनौट सहयोग समिति,

...........................................................विद्यालय

विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको लागि मैले श्री .........................लाई प्रस्ताव गर्दछु । निजको विवरण देहाय बमोजिम छ ।

१. पूरा नाम थर:

उमेर ..............वर्ष.                                    लिङ्ग: महिला/पुरुष

ठेगाना

२. अभिभावक नामावलीमा रहेको मेरो विवरण देहाय बमोजिम छ ।

१. पूरा नाम थर:

उमेर................वर्ष

लिङ्ग : महिला/पुरुष

ठेगाना

२. अभिभावकको नामावलीमा अभिभावक क्रम संख्या :                                    हस्ताक्षर.......................

(समर्थकले भर्ने)                                    मिति.........................

प्रस्तावक श्री................................... ले माथि उल्लेखित गरे बमोजिम विद्यालय व्यवस्थापन समितिको सदस्यको लागि श्री .................................................लाई गर्नुभएको उमेदवार मनोनयन प्रस्तावको म समर्थन गर्दछु ।

विद्यालयको अभिभावक नामावलीमा मेरो नाम समावेश भएको छ । तत्सम्बन्धी विवरण देहाय बमोजिम छ ।

१. पूरा नाम थर:

उमेर..............................वर्ष                                    लिङ्ग : महिला/पुरुष

ठेगाना

२. अभिभावक नामावलीमा अभिभावक कम संख्याः

हस्ताक्षर...................

मिति..........................

(मनोनित उमेदवारले भर्ने)

......................................विद्यालयको विद्यालय व्यावस्थापन समितिको सदस्यको लागि उमेदवार हुन .......................को प्रस्ताव र ....................................को समर्थनमा उमेदवार मनोनयनमा मेरो मन्जुरी छ । मैले प्रचलित कानुन तथा उमेदवारको हैसियतले पालन गर्नुपर्ने आचारसंहिता पूर्ण रुपमा पालना गर्नेछु । मैले यो मनोनयन पत्र साथ निम्न लिखित कागजात संलग्न गरेको छु ।

१. विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि बमोजिम रु ..........................धरौटी राखेको नगदी रसिद ।

२. अभिभावक नामावलीको उतार प्रमाणित गरिएको पत्र ।

हस्ताक्षर.........................

मिति :...........................

नाम थर:.........................

अभिभावक नामावलीमा अभिभावक कम संख्याः..........

(छनौट सहयोग समितिले भर्ने)

यो मनोनयन पत्र मिति........................ का दिन........... बजे उमेदवार/प्रस्तावक/प्रतिनिधि श्री ...........................ले छनौट सहयोग समिति समक्ष प्रस्तुत गरेको हो ।

निर्णय

विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी कार्यविधि २०८१ बमोजिम यस मनोनयनपत्रको जाँच गरी देहायबमोजिम निर्णय गरिएको छ ।

निर्णयको विवरण:

..............................

मिति :

संयोजक

छनौट सहयोग समिति

अनुसूची : ३

(नियम १६ सँग सम्बन्धित)

<u>मनोनयन दर्ता भएको उमेदवारको नामावलीको सूची</u>

...................................................................विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको लागि उमेदवार हुन मनोनयन दर्ता भएकोले उमेदवारको नामावलीको सूची प्रकाशन गरिएको छ।

| क.स. | मनोनयन दर्ता नं. | पद | पूरा नाम | उमेर | लिङ्ग | ठेगाना | अभिभावक नामावलीमा क्रम संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

.................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

अनुसूची : ४

नियम १७ सँग सम्बन्धित)

**उजुरी दर्ताको सूचना**

..............................................विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्य उमेदवार मनोनयन भई मनोनयन पत्र दर्ता भएका निम्नलिखित व्यक्तिहरूको उजुरी दर्ता भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित भएको छ। सम्बन्धित पक्षहरूले आफ्नो सबुत प्रमाणसाथ मिति ......................................का दिन............................ बजे छनौट समितिमा अनिवार्य रुपमा उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

उजुरीकर्ताको विवरण

| क.स. | उजुरी दर्ता नं. | नाम | ठेगाना | मनोनयन पत्र दर्ता नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

विपक्षी

| क.स. | उमेदवारको नाम | मनोनयन पत्र दर्ता नं. | उजुरीको व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

अनुसूची: ५

(नियम २१ सँग सम्बन्धित)

**रित पुगेका उमेदवारको सूची**

.............................................................विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको लागि मिति ... ................................मा दर्ता भएका मनोनयन पत्र यस छनौट सहयोग समितिमा जाँच गर्दा कानून बमोजिम कायम रहेका तपसिल बमोजिमका उमेदवारको नामावली प्रकाशित गरिएको छ।

| क.स. | मनोनयन पत्र दर्ता नं. | पद | नाम थर | लिङ्ग | ठेगाना | उमेर | अभिभावक नामावलीमा कमसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

अनुसूची : ६

(नियम २१ सँग सम्बन्धित)

**नाम फिर्ता लिने सूचना**

श्री छनौट सहयोग समिति,

..............................................................विद्यालय

विद्यालय व्यवस्थापन समितिका सदस्यको उमेदवार हुन मेरो मनोनयन पत्र मिति .........................मा दर्ता भएको र मिति ..............................मा प्रकाशित उमेदवारको नामवलीमा मेरो नाम समावेश भई म उमेदवार कायम भएकोमा हाल मलाई यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यको उमेदवार हुन इच्छा नभएकाले मिति मा प्रकाशित उमेदवारको नामावलीबाट राजी खुशीले आफ्नो नाम फिर्ता लिएको व्यहोरा सूचना गरेको छु । उमेदवारको नामावलीबाट मेरो नाम हटाइ पाउन अनुरोध छ ।

मिति :

सहि :

पूरा नाम :

यस बमोजिमको सूचना उमेदवार/ उमेदवारको प्रतिनिधिद्धारा मिति मा......................... .... बजे प्राप्त भयो ।

................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

अनुसूची : ७

(नियम २१ सँग सम्बन्धित)

**<u>नाम हटाइएको सूचना</u>**

......................................................................विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको उमेदवार हुन मनोनयन दर्ता श्री ..................................................ले नाम फिर्ता लिनका लागि मिति.............................................बजे निवेदन पेश गरेकाले निजको नाम उमेदवारको नामावली सूचीबाट हटाई यो सूचना प्रकाशित गरिएको छ ।

................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

अनुसूची : ८

(नियम २२ सँग सम्बन्धित)

**उमेदवारको अन्तिम नामवली**

...............................................................................विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको उमेदवार हुन मिति ......................................................बजे भित्र मनोनयन पत्र दर्ता भई छानविन पश्चात कायम रहन आएका उमेदवारको अन्तिम नामावली तपसिल बमोजिम प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

| क.स. | मनोनयन पत्र दर्ता नं. | पद | नाम थर | ठेगाना | लिङ्ग | उमेर | अभिभावक नामवलीमा कमसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

.................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

अनुसूची : ९

(नियम २३ सँग सम्बन्धित)

**निर्विरोध छनौट भएको घोषणा**

............................................................................विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्य पदमा ........................................................................................................................ मात्र उमेदवार कायम भएकोले निज/हरु यस विद्यालयको सदस्य पदमा निर्विरोध छनौट भएको घोषणा गर्दछौ ।

| क.स. | नाम थर | ठेगाना | उमेर | लिङ्ग | पद | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

अनुसूची : १०

(नियम २५ सँग सम्बन्धित)

## निर्वाचन चिन्ह प्रदान गरेको सूचना

.........................................................................विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यको छनौटको लागि उमेदवारहरूको अन्तिम नामावलीमा कायम रहेका देहाय बमोजिमका उमेदवारहरूलाई मतदान प्रयोजनको लागि देहाय बमोजिम निर्वाचन चिन्ह तोकिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | उमेदवारको नाम | ठेगाना | पद | निर्वाचन चिन्ह |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

वि.व्य.स . सदस्यको लागि निर्वाचन चिन्हः ग्लोब, स्केल, कलम, गुच्चा, भलिवल, विद्यालय भवन, कुर्ची, टेबल ,किताब,मेच आदि रहनेछन ।

................................

मिति :

समय :

संयोजक

छनौट सहयोग समिति

आज्ञाले, ..................

प्रमुख प्रशासकीय अधिकृत

प्यूठान नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान ।